# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

''महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी'' भन्ने नाराका साथ आज मार्च ८ का दिन विश्वभर मनाइँदै गरिएको ११४ औं अन्तराष्ट्रिय नारी दिवसका अवसरमा सम्पूर्ण नेपाली नारीहरुमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महिलाको हकलाई हाम्रो देशको संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्था बमोजिम महिलाका अधिकार राज्यका विभिन्न निकायहरुमा अहिले कार्यान्वयन भइरहेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाभित्र अधिकार सम्पन्न भएका महिलाहरु आफ्नो अधिकार स्वतन्त्रतापूर्वक उपभोग गरिरहेका छन् । यो हाम्रो व्यवस्थामा प्राप्त गरिएको महत्वपूर्ण उपलब्धि हो । यद्यपी, कतिपय अवस्थामा पितृसत्तात्मक सोचका कारण समाजमा महिलामाथि बेलाबखत हुने अन्याय अन्त्य गर्नु हामी सबैको दायित्वभित्र पर्दछ ।

सबै नारीहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा विकासका समग्र आयामहरुमा प्रगतिका लागि हामी सम्पूर्णको समान सहभागिता तथा योगदान आवश्यक पर्दछ । यो दिवसले हामी सबैलाई नारी हकहितका पक्षमा लाग्दै उनीहरुको सशक्तीकरणमा दिगो र दरिलो पाइला अगाडी बढाइ राख्न अभिप्रेरित गरोस् । यस अवसरमा सम्पूर्ण दिदिबहिनीहरुमा पुनः एक पटक शुभकामना व्यक्त गर्दछु ।

**२०८० साल फागुन २५ गते, शुक्रबार ।**

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**